७. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ मा रहेका "यस ऐन अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "यो ऐन वा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को,–

(१) उपदफा (१) मा रहेका "स्थापना गरेमा वा" भन्ने शब्दहरूपछि "कुनै उद्योगले" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :–

"(३) कुनै उद्योगले दफा १०ग. बमोजिम सम्बन्धित विभागको स्वीकृति नलिई उद्योग बन्द गरेमा श्री ५ को सरकारले त्यस्ता उद्योगलाई पच्चीसहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।"

लालमोहर सदर मितिः– २०४२।७।१४।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुबिख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५६

## वैदेशिक रोजगार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : वैदेशिक रोजगारको नियन्त्रण एवं व्यवस्था गर्न तथा सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वैदेशिक रोजगार ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कामदार" भन्नाले श्री ५ को सरकारले सूचना प्रकाशित गरी तोकेको विदेशी मुलुकमा यस ऐनबमोजिम रोजगार प्राप्त नेपाली नागरिक सम्झनुपर्छ ।

(ख) "वैदेशिक रोजगार" भन्नाले कामदारले पाउने रोजगार सम्झनुपर्छ ।

(ग) "वैदेशिक रोजगार व्यवसाय" भन्नाले नेपाली नागरिकहरूलाई वैदेशिक रोजगार उपलब्ध गराउने कार्य सम्झनुपर्छ र सो शब्दले रोजगार दिने संस्थाको प्रतिनिधिको रूपमा कामदार छनौट गर्ने समेतलाई जनाउँछ ।

(घ) "इजाजतपत्रवाला" भन्नाले दफा ६ बमोजिम इजाजतपत्र पाउने संस्था सम्झनुपर्छ ।

(ङ) "रोजगार दिने संस्था" भन्नाले कामदारलाई वैदेशिक रोजगार दिने संस्था सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. इजाजतपत्र विना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने : यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउनेछैन ।

४. व्यवसायीसम्बन्धी मुलुक तोक्ने : यस ऐनबमोजिमको वैदेशिक रोजगार व्यवसायको सञ्चालन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको विदेशी मुलुकहरूमा मात्र गर्न पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

५. संस्थाबाहेक अरूलाई इजाजतपत्र नदिइने : प्रचलित कानूनबमोजिम स्थापना भएको संस्थाबाहेक अरू कसैलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र दिइनेछैन ।

६. इजाजतपत्र : (१) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले श्री ५ को सरकार समक्ष तोकिएको विवरण खोली निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्था वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न सक्षम र उपयुक्त देखिएमा सो संस्थाबाट तोकिएको दस्तूर र दफा ८ बमोजिम धरौट लिई श्री ५ को सरकारले शर्त तोकी इजाजतपत्र जारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जारी गरिएको इजाजतपत्र इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षमा तोकिएबमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

७. इजाजतपत्र रद्द गर्न सकिने : इजाजतपत्रवालाले शर्तको पालना नगरेमा वा यो ऐन वा यस ऐनअन्तर्गत जारी गरिएको नियम, आदेश वा निर्देशनको पालना नगरेमा श्री ५ को सरकारले इजाजतपत्र रद्द गर्न आदेश दिन सक्नेछ ।

८. धरौट राख्नु पर्ने : (१) दफा ६ बमोजिम इजाजतपत्र लिन चाहने संस्थाले इजाजतपत्र लिनुभन्दा अगावै तोकिएबमोजिमको रूपैयाँ श्री ५ को सरकारमा धरौट राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धरौट राखी इजाजतपत्र प्राप्त गरिसकेपछि इजाजतपत्रवालाको कारोवारको अनुपातमा सो धरौट अपर्याप्त देखिन आएमा श्री ५ को सरकारले आवश्यकतानुसार थप धरौट दाखिल गर्न आदेश दिन सक्नेछ । तोकिएको म्यादभित्र थप धरौट दाखिल नगरेमा इजाजतपत्र रद्द हुनेछ ।

९. पूर्व स्वीकृति लिने : (१) इजाजतपत्रवालाले वैदेशिक रोजगारको लागि कामदार छनौट गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यस्तो स्वीकृतिको लागि देहायबमोजिमको विवरण खोली निवेदन दिनु पर्नेछ :–

(क) रोजगार दिने संस्थाको नाम र ठेगाना,

(ख) वैदेशिक रोजगारको किसिम,

(ग) रोजगार दिने संस्था र इजाजतपत्रवालाबीच कामदारहरू विदेशमा पठाउने सम्बन्धमा भएको सम्झौताको प्रतिलिपि,

(घ) रोजगार दिने संस्था र कामदारका बीच हुने करारको प्रतिलिपि,

(ङ) तोकिएबमोजिमका अन्य कुराहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

(२) उपदफा (१) बमोजिम पेश भएको विवरण जाँचबुझ गर्दा देहायको अवस्था देखिएमा श्री ५ को सरकारले कामदार छनौट गर्न स्वीकृति दिनेछैन :–

(क) रोजगार दिने संस्थाले माग गरेको योग्यताको व्यक्ति नेपालको आर्थिक विकासको लागि आवश्यक भएमा,

(ख) प्रस्तावित वैदेशिक रोजगार सम्बन्धित देशको कानूनद्वारा नियमित नभएमा,

(ग) रोजगार दिने संस्थाले माग गरेको कामदारको योग्यताको अनुपातमा सेवा, शर्त तथा सुविधा सन्तोषजनक नभएमा,

(घ) प्रस्तावित वैदेशिक रोजगार कामदारको मर्यादा, प्रतिष्ठा वा स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमको देखिएमा, वा

(ङ) तोकिएबमोजिमको अन्य अवस्था देखिएमा ।

१०. विज्ञापन गर्ने : दफा ९ बमोजिम श्री ५ को सरकारको स्वीकृति प्राप्त भएपछि कामदार छनौट गर्नको लागि तोकिएबमोजिमको विवरण खोली इजाजतपत्रवालाले सार्वजनिकरूपमा विज्ञापन गर्नु पर्नेछ ।

११. कामदारको छनौट : (१) कामदारको छनौट निष्पक्षरूपले गर्नु पर्नेछ ।

(२) इजाजतपत्रवालाले कामदारको छनौट गर्दा श्री ५ को सरकारको प्रतिनिधि र वैदेशिक रोजगार दिने संस्थाले चाहेमा त्यस्तो संस्थाको प्रतिनिधिसमेत छनौटमा सामेल गराउनु पर्नेछ ।

१२. वैदेशिक रोजगार उपलब्ध गराउनमा नियन्त्रण : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रवालाले नाबालकलाई र अभिभावकको स्वीकृति बिना महिलालाई वैदेशिक रोजगार उपलब्ध गराउन पाउनेछैन ।

१३. सेवा शुल्क : इजाजतपत्रवालाले वैदेशिक रोजगार उपलब्ध गराए वापत कामदारबाट तोकिएबमोजिमको सेवा शुल्क लिन पाउनेछ ।

१४. वैदेशिक रोजगारसम्बन्धी करार : (१) रोजगार दिने संस्था र कामदारको बीचमा करार हुनु अघि करारको सम्पूर्ण व्यहोरा र त्यसबाट प्राप्त सुविधा एवं त्यसको परिणामसमेत कामदारले बुझ्ने भाषामा इजाजतपत्रवालाले व्याख्या गरी बुझाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्याख्या गरी बुझाइएको करारमा कामदारको सहमति भएमा मात्र त्यस्तो करारमा दुवै पक्षको हस्ताक्षर गराइएपछि करारको एक प्रति कामदारलाई र एक प्रति श्री ५ को सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) रोजगार दिने संस्था र कामदारको बीचमा हुने करार इजाजतपत्रवालाले दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम पेश गरेको करारसित फरक नपरेको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम करार प्राप्त भएपछि कामदारलाई वैदेशिक रोजगारको लागि विदेशमा पठाउन श्री ५ को सरकारले इजाजतपत्रवालालाई अनुमति दिन सक्नेछ ।

१५. वैदेशिक रोजगारमा जाने देशको विषयमा जानकारी दिने : दफा १४ को उपदफा (४) बमोजिम अनुमति प्राप्त भएपछि इजाजतपत्रवालाले वैदेशिक रोजगारमा पठाउने कामदारलाई सम्बन्धित देशको भौगोलिक स्थिति, संस्कृति, श्रम कानून र आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको जानकारी दिनु पर्नेछ । त्यस्तो जानकारी नदिई कुनै पनि कामदारलाई वैदेशिक रोजगारमा पठाउन पाउनेछैन ।

१६. अभिलेख राख्ने : इजाजतपत्रवालाले वैदेशिक रोजगारका लागि पठाइएका कामदारहरूको अभिलेख अद्यावधिक बनाई तोकिएबमोजिम राख्नु पर्नेछ ।

१७. कामदारको आयसम्बन्धी व्यवस्था : कामदार र कामदारको आश्रितको कल्याण वा जीवन यापनको लागि कामदारको पारिश्रमिकबाट तोकिएको रकम तोकिएको ठाउँमा जम्मा गर्ने वा तोकिएको तरीकाबाट स्वदेश पठाउने व्यवस्था इजाजतपत्र-वालाले गर्नु पर्नेछ ।

१८. जाँचबुझ गर्ने : (१) रोजगार दिने संस्थाले करारको दायित्व पूरा नगरेको वा इजाजतपत्रवालाले करारको शर्त पूरा गराउन आवश्यक र उपयुक्त कारवाई नगरेको सम्बन्धमा कामदारको उजूरी परेमा श्री ५ को सरकारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको जाँचबुझबाट सम्बन्धित कामदारलाई स्वदेश फिर्ता गर्न आवश्यक देखिएमा निजलाई स्वदेश फिर्ता गर्नको लागि चाहिने आवश्यक रकम उपलब्ध गराउन श्री ५ को सरकारले इजाजतपत्रवालालाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम श्री ५ को सरकारले दिएको आदेश इजाजतपत्र-वालाले पालना नगरेमा दफा ८ बमोजिम इजाजतपत्रवालाले धरौट राखिएको रकमबाट त्यस्तो कामदार स्वदेश फिर्ता गर्ने खर्च व्यहोरिनेछ ।

१९. निरीक्षण : यो ऐन र यस ऐनबमोजिम बनेका नियम वा जारी गरेको आदेश वा निर्देशनको पालना भए नभएको सम्बन्धमा श्री ५ को सरकारले इजाजतपत्रवालाले राखेको अभिलेख तथा अन्य सम्बन्धित कागजातहरू निरीक्षण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
200

२०. निर्देशन दिने अधिकार : (१) श्री ५ को सरकारले समय समयमा इजाजतपत्रवालालाई वैदेशिक रोजगार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु इजाजतपत्रवालाको कर्तव्य हुनेछ ।

२१. श्री ५ को सरकारको विशेष अधिकार : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले विशेष परिस्थितिमा यस ऐनअन्तर्गत दिइएको इजाजतपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

२२. सल्लाहकार समिति : वैदेशिक रोजगार सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह दिन तोकिएबमोजिमको एक सल्लाहकार समिति गठन हुनेछ ।

२३. व्यक्तिगतरूपमा जान बाधा नपर्ने : कसैले कुनै विदेशी मुलुकमा काम गर्ने स्वीकृति प्राप्त गरी काम गर्न जानमा यस ऐनमा लेखिएको कुनै कुराले बाधा पारेको मानिने छैन ।

२४. दण्ड सजाय : (१) यो ऐन वा यस ऐनअन्तर्गत जारी गरिएको नियम, आदेश वा निर्देशन पालना नगर्ने इजाजतपत्रवालालाई पाँचहजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(२) यो ऐनबमोजिम इजाजतपत्र नलिई कसैले वैदेशिक रोजगारसम्बन्धी व्यवसाय सञ्चालन गरेमा निजलाई दशहजार रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले जानी जानी वा बदनियत चिताई यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम राख्नुपर्ने वा तयार गरिएको वा पेश गरिएको कुनै लिखत, प्रतिवेदन, लेखा वा विवरणमा तथ्य कुरा दबाएमा वा कुनै कुरा हेरफेर गरेमा वा झुट्ठा व्यहोरा पारेमा वा त्यस्तो गर्ने उद्योग गरेमा निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुनेछ ।

(४) यस दफाबमोजिम कसूर गरे वापत सजाय पाउने ठहरिएको इजाजतपत्रवालाको इजाजतपत्र रद्द हुनेछ र उपदफा (२) र (३) बमोजिम सजाय पाएको कसूरदारलाई अर्को इजाजतपत्र दिइनेछैन ।

२५. श्री ५ को सरकार वादी हुने : यो ऐनबमोजिमको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ र यस ऐनअन्तर्गतको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. अधिकार प्रत्यायोजन : श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई भएको अधिकारमध्ये सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारमा प्रतिकूल प्रभाव नपारी सो नियमहरूद्वारा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ :–

(क) इजाजतपत्रको लागि दिइने निवेदनमा खोल्नुपर्ने विवरण,
(ख) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाको योग्यता,
(ग) इजाजतपत्रको ढाँचा, दस्तूर र नवीकरण दस्तूर,
(घ) इजाजतपत्रमा रहने शर्तहरू,
(ङ) इजाजतपत्र रद्द हुने अवस्था र रद्द गर्ने कार्यविधि,
(च) कामदार छनौट गर्न स्वीकृतिको लागि दिइने निवेदनमा खोल्नुपर्ने विवरण,
(छ) इजाजतपत्रवालाले विज्ञापनमा उल्लेख गर्नुपर्ने विवरण,
(ज) सेवा शुल्कसम्बन्धी व्यवस्था,
(झ) वैदेशिक रोजगारसम्बन्धी करारमा उल्लेख हुनुपर्ने शर्तहरू,
(ञ) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने संस्थाको कार्यालय सञ्चालनसम्बन्धी व्यवस्था,
(ट) कामदारको उजूरी सम्बन्धमा जाँचबुझ गर्ने कार्यविधि,
(ठ) कामदारलाई स्वदेश फिर्ता गर्नको लागि गरिने व्यवस्था र कार्यविधि,
(ड) निरीक्षणसम्बन्धी कार्यविधि ।

लालमोहर सदर मिति :– २०४२।७।१४।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
202